# नेपालगञ्ज उप-महानगरपालिका कार्यालय

**नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व. २०७२/०७३ का लागि स्वीकृत लक्षित समूह विकास कार्यक्रम कार्यान्वयन अन्तर्गत साझेदार संस्था छनौटको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR)**

**१. कार्यक्रमको पृष्ठभूमी :**

नेपालगञ्ज उप-महानगरपालिकाले स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार कार्यक्रम संचालन गर्दै आईरहेको छ । यसै सन्दर्भमा यस उपमहानगरपालिकाले आ.व. २०७२/७३ मा लक्षित वर्गका लागी स्वीकृत कार्यक्रमहरु स्थानीय गैर सरकारी संस्था तथा फर्महरु मार्फत संचालन गर्नुपर्ने भएकोले कार्यक्रम संचालन गर्नका सबै चरणहरु पुरा गरी कार्यक्रम गर्न सक्ने अनुभवी, योग्य तथा क्षमता भएका संस्थाहरु छनौटको लागी यो कार्यक्षेत्रगत शर्त(TOR) तयार गरिएको छ ।

**२. कार्यक्रमको उद्देश्य** :

यस कार्यक्रमको उद्धेश्य सामाजिक तथा आर्थिक रुपले पिछडिएका अति विपन्न गरिबीको रेखामुनी रहेका महिला, दलित, आदिबासी, जनजाती, मधेशी, मुस्लिम समुदायलाई सामाजिक शसक्तिकरण, उद्यमशीलता विकास, स्वास्थ्य तथा सरसफाई जस्ता कार्यक्रमका माध्यमबाट समन्यायिक समाजको विकास गर्नु रहेकाले प्रस्तावदाताले उक्त कुरालाई मूल रुपमा ध्यान दिई प्रस्ताव पेश गर्नुपर्नेछ ।

**३. कार्यक्षेत्र :**

कार्यक्रम नेपालगञ्ज उपमहानगरपालिका क्षेत्र भित्र संचालन हुनेछ ।

**४. प्रस्तावमा उल्लेख गर्नुपर्ने कराहरु :**

**(क) प्रारम्भिक सर्वेक्षण:** कार्यक्रम संचालन गर्नुपूर्व कार्यक्षेत्र भित्रका लक्षिग बर्ग पहिचानका लागी सर्वेक्षण गर्ने विधि, सहभागी संख्या, कार्य अवधि लगायतका विषयहरु ।

**(ख) वडा नागरिक मञ्च, बालक्लव संजाल लगायत वडाभित्र रहेका सरोकारवालाहरु संगको समन्वय** : प्रारम्भिक चरण देखि सार्वजनिक परीक्षण गर्ने अवधी सम्म ।

**(ग) कार्यक्रमको नाम, संचालन गर्ने विधि** : सम्बन्धित कार्यक्रम के कसरी संचालन गर्ने हो विधि उल्लेख गर्ने ।

**(घ) संस्थाको साझेदारी :** कार्यारम्भ तथा कार्यसम्पन्न पश्चात लाभान्वित लक्षित समूहका व्यक्तिहरुको नियमित फलो अप गरि उनीहरुको जीवनमा सकारात्मक परिवर्तन आउने गरि गर्न सकिने संस्थाको स्पष्ट मार्गचित्र उल्लेख गर्नुहोस् ।

**(ङ) व्यवसायीकरणमा संस्थाको दुरदृष्टि** : सिप विकास तालिम लिएका व्यक्तिहरुको लघु कर्जामा पहुँच पुरयाई व्यवसायिकरण सम्बन्धमा ।

**(च) व्यवसायीक परामर्श तथा बजार विस्तार** : उद्यमीहरुबाट उत्पादित बस्तुहरुको सरल र सहज विक्री व्यवस्थापनको लागि बजारीकरण, सञ्जाल विस्तार र व्यवसायिक परामर्श सेवा प्रदान गर्ने योजना ।

**(छ) कार्य योजना:** कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना पेश गर्नुपर्नेछ ।

**(ज) अनुगमन तथा मूल्याङ्कन विधि**

**(झ) सार्वजनिक परीक्षण**

**सेवा प्रदायक संस्थाहरुबाट प्राप्त प्रस्तावहरुको प्रारम्भिक आशय छनौट तथा मूल्यांकनका आधारहरु :**

**(५) सूचनामा उल्लेखित शर्तहरु तथा सो सम्बन्धि पेश भएका कागजातहरुका अतिरिक्त देहायका विषयहरु**

(क) जनशक्तिको भरपर्दो व्यवस्था स्पष्ट रुपमा खुलेको हुनुपर्ने

(ख) आबश्यक न्युनतम योग्यता: १) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १०+२ तथा प्रविणता प्रमाण पत्र उर्त्तिण गरी सामाजिक परिचालन तथा जिविकोपार्जनको क्षेत्रमा अनुभव प्राप्त गरेको ।

**६. प्रस्तावको ढाँचा :**

१. संस्थागत परिचय २. संस्थागत अनुभव र क्षमता ३. कार्य संचालन तरिका र विधि ४. कार्य योजना ५. कर्मचारीको अनुभव र योग्यता

*नोट : प्रस्तुत शीर्षक अन्तर्गत रही सेवा प्रदायक संस्थाले आवश्यक विवरणहरु प्रमाण सहित संस्था प्रमुखवाट प्रमाणित गरी सहीछाप गरी पेश गर्नु पर्नेछ ।*

**(७) प्राविधिक तथा आर्थिक प्रस्तावः** माथि उल्लेखित सवै कुराहरुलाई ध्यानमा दिई बढिमा ३ वटा संस्थाहरु मिलेर साझेदारीमा(Joint Venture) प्रकाशित गरिएको सूचना अनुसार विभाजन गरिएका क्लष्टहरु मध्ये कुनै १ वटा क्लष्टरमा मात्र प्रस्ताव पेश गर्न सक्नेछन तर कुन संस्थाले नेतृत्व गर्ने हो सो कुरा अन्य साझेदार गर्ने संस्थाले स्पष्ट रुपमा आफनो संस्थाको लेटरप्याडमा खुलाई अध्यक्षले दस्तखत गरी छाप समेत लगाई प्रस्ताव साथ संलग्न गरेको हुनुपर्नेछ । साथै प्रस्तावको प्रत्येक पानामा अनिवार्य रुपमा प्रमाणित गर्नेको दस्तखत र छाप लागेको हुनुपर्नेछ । प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग नगरि एकैसाथ पेश गर्नुपर्नेछ । कार्यक्रमको विस्तृत लागत अनुमानमा सहभागीहरुलाई भत्ता दिने गरि पेश गरिएको आर्थिक प्रस्ताव स्वीकार्य हुनेछैन ।

**८. प्रस्ताव मूल्यांकन गर्ने तरिका :**

प्रस्तावनाको अंक भार १०० कायम गरिएको छ । प्राविधिक प्रस्तावको अंक ८० र आर्थिक प्रस्तावको अंक २० कायम गरिएको छ । प्राप्त प्रस्तावहरुको मूल्यांकन गुणस्तर र लागत विधि अनुसार गरिने छ ।

**९. क) अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

- TOR मा संलग्न अनुसूचि को सि.नं. ङ को **१ र २** का विवरणहरु र सोलाई पुष्ट्याई गर्ने प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।
- सूचनामा उल्लेखित विषयहरु र TOR मा उल्लेख भएका शर्तहरु र कालो सूचीमा नपरेको स्वघोषणापत्र छनौटको प्रारम्भिक चरणका लागि अनिवार्य भएकोले ती शर्तहरु पूरा गरे बापत अंक दिइने छैन र यस्तो शर्त पूरा नभएको आशयपत्र माथि पनि कुनै कारवाही हुने छैन ।

***पुनश्चः*** *छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्न वाधा पर्ने छैन ।*